बाह्र वर्षे नाचमा संलग्नलाई कुन्छालमा सम्मान । पृष्ठ ५ मा

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

खबरपत्रिका साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-८
मकवानपुर
सम्पर्क नं.
९८०७७५३३००
इमेल:
bikaskhabar@gmail.com



● मकवानपुर, वर्ष-१६, अंक-१९ ● २०८० मंसिर ०४ गते सोमबार, ● 20 Nov., 2023, ● नेपाल सम्वत्-११४४, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## श्रमिकहरूलाई सामाजिक सुरक्षा कोषमा आबद्ध हुन भीमफेदीको आव्हान



◆ विकास संवाददाता

मकवानपुरको भीमफेदी गाउँपालिकाले अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिक तथा स्वरोजगार रहेका व्यक्तिहरूलाई सामाजिक सुरक्षा कोषमा आबद्ध हुन आवेदन माग गरेको छ । गाउँपालिकाभित्र स्थायी बसोबास गर्ने अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगार व्यक्तिको लागि योगदानमा आधारित सामाजिक सुरक्षा योजना सञ्चालन हुन गइर हेकाले सहभागी हुन सूचनामार्फत आह्वान गरेको हो ।

गाउँपालिका अध्यक्ष हिदम लामाका अनुसार यस योजनामा सहभागी हुन इच्छुक श्रमिकले सम्बन्धित वडा कार्यालयमा आवश्यक कागजातसहित सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र आवेदन दर्ता गर्न सक्नेछन् । आर्थिक वर्ष २०८०/८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार यस योजनामा अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिक तथा स्वरोजगार र हेका व्यक्तिलाई डकर्मी, सिकर्मी, लोड अनलोड, गिट्टी बालुवा चाल्ने, ढुंगा फुटाएर जीबिका चलाउने, गाडी चालक, सहचालक, अप्रेटर, कृषि श्रमिक, ज्यामी लगायत अन्य श्रमिक, तथा स्वरोजगार व्यक्तिहरू यस योजनामा सहभागी हुनसक्ने पालिका अध्यक्ष लामाले बताए । अध्यक्ष लामाले गाउँपालिकाको साझेदारी लगानीमा सामाजिक सुरक्षा कोषमा सहभागी भई आफ्नो भविष्य सुरक्षित गर्नका लागि पालिकाभित्र अनौपचारिक क्षेत्रमा कार्यरत व्यक्तिलाई आग्रह गरेका छन् ।

यस योजनामा आबद्ध हुन चाहने अनौपचारिक क्षेत्रका श्रमिकहरूले सम्पर्क नम्बरसहितको हस्तलिखित आवेदन, नेपाली नागरिकताको प्रतिलिपि, पासपोर्ट साइजको फोटो २ प्रति, सम्बन्धित वडा कार्यालयले निज अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिक रहेको भनि गरेको सिफारिसपत्र, मासिक कोषमा रकम जम्मा गर्ने सम्बन्धी स्वघोषणापत्र, चेकको प्रतिलिपि बुझाउनुपर्ने पालिकाले सूचनामा भनेको छ । स्वरोजगार व्यक्तिको लागि सम्पर्क नम्बर सहितको हस्तलिखित आवेदन, नेपाली नागरिकताको प्रतिलिपि, पासपोर्ट साइजको फोटो २ प्रति, पेशा वा व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि र दर्ता नभएको हकमा सम्बन्धित वडा कार्यालयको सिफारिसपत्र, प्यान वा करदर्ता प्रमाणपत्रको प्रतिलिपि, मासिक कोषमा रकम जम्मा गर्ने सम्बन्धी स्वघोषणा पत्र, चेकको प्रतिलिपि आवश्यक पर्ने जनाइएको छ ।

नेपालमा यसरी स्थानीय सरकारले अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिकहरूलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराइने मध्ये दोस्रो स्थानीय तह भीमफेदी गाउँपालिका हो । भीमफेदी गाँउपालिकाको गाँउसभाबाट स्वीकृत कार्यक्रम अनौपचारिक तथा स्वरोजगार श्रमिकको भविष्य, सामाजिक सुरक्षा, सहकार्य, योगदान र सहभागिताको लागि भीमफेदी गाउँपालिका र योगदानमा आधारित सामाजिक सुरक्षा कोषबीच सम्झौता भए बमोजिम कार्य अघि बढेको हो ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत भीमलाल महर्जनले योजनामा सहभागी हुन पूरा गर्नुपर्ने विभिन्न आवश्यक मापदण्डहरूबारे सूचना प्रकाशन गरी सम्बन्धित व्यक्तिलाई जानकारी समेत गराएका छन् ।

## मंगलेश्वर युवा क्लबलाई उपाधि

विकास संवाददाता
थाहानगर



छैठौं विनयबाबु बस्नेत स्मृति जिल्लास्तरीय रनिङ शिल्ड भलिबलको उपाधी मंगलेश्वर युवा क्लब थाहा नगरपालिका २ भाङखोरियाले हात पारेको छ । मकवानपुरको थाहानगर को फाँटबजारमा २७ कार्तिकबाट शुरु भएको प्रतियोगिताको फाइनलमा आयोजक विनयबाबु स्मृति प्रतिष्ठानलाई ३-० को सोझो सेटमा पराजित गर्दै मंगलेश्वरले उपाधी चुमेको हो ।

मंगलेश्वरले आयोजक विनयबाबुलाई २५-१९, २५-२२ र २५-२३ को सोझो सेटमा पराजित गरेको हो । उपाधी संगै मंगलेश्वरले नगद ५५ हजार ५ सय ५५ रूपैया नगदसहित शिल्ड, मेडल तथा प्रमाणपत्र पाएको छ । त्यस्तै उपबिजेता आयोजकले २८ हजार ८ सय ८८ रूपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गरेका छन । बिजेता खेलाडी तथा विधागत उत्कृष्ट खेलाडीहरूलाई प्रमुख अतिथी मकवानपुर क्षेत्र नम्बर २ का प्रतिनीधिसभा सदस्य महेश बर्तौला तथा थाहा नगरपालिकाका नगर प्रमुख बिष्णु बहादुर बिष्टले पुरस्कार प्रदान गरेका थिए ।

प्रतियोगितामा उत्कृष्ट पाँच विधा अन्तर्गत उत्कृष्ट खेलाडी मंगलेश्वरका बलराम सुवेदी, उत्कृष्ट डिफेन्डर रोशन गोपाली, उत्कृष्ट स्पाइकर कुशल लामा र उत्कृष्ट सेटर उत्सव आले तथा उत्कृष्ट नव प्रतिभा खेलाडी सुजल कार्की हुन सफल भएका थिए । विधाथच उत्कृष्टता हासिल गरेका खेलाडीहरूलाई नगदसहित मेडल प्रदान गरिएको थियो । विनयबाबु स्मृति प्रतिष्ठानका अध्यक्ष शंकर कार्कीको सभाध्यक्षतामा भएको पुरस्कार वितरण तथा समापन समारोहमा प्रमुख अतिथी संघीय सांसद महेश वर्तौला रहेका थिए ।

कार्यक्रममा थाहा नगर प्रमुख बिष्णु बहादुर बिष्ट, वडा नम्बर १ का अध्यक्ष हेरमान गोपाली, २ नम्बर वडाध्यक्ष बम बहादुर सिङतान, ३ का हिरेन्द्र रायमाझी, ५ का बिष्णु बहादुर गुरूङ, ७ का शिवराज थिङ, नेकपा एमालेका नगर अध्यक्ष अच्युत्तम प्रसाद ढकाल, माओवादी नगर सचिव लक्ष्मण बिष्ट ,थाहा नगर भलिबल संघका अध्यक्ष वसन्त गोपाली, थाहा नगर खेलकुद विकास समितिका सदस्य सचिव अनिल लामिछाने, पालुङ जेसिजका अध्यक्ष संगम कार्की, जनकल्याण माबिका प्रधानाध्यापक सानोभाइ कार्की, जिल्ला भलिबल संघका महासचिव सन्तोष श्रेष्ठ, प्रतिष्ठानका संस्थापक बिजयबाबु बस्नेत, विनयबाबुका बुबा बिष्णु बहादुर बस्नेतलगाएतको उपस्थिति रहेको थियो ।

प्रतियोगिताको फाइनलमा आयोजक विनयबाबु स्मृति प्रतिष्ठानलाई ३-० को सोझो सेटमा पराजित गर्दै मंगलेश्वरले उपाधी चुमेको हो।

## माटरबाटोले जोड्यो वनकरिया बस्ती !

◆ विकास संवाददाता

लोपोन्मुख र सिमान्तकृत जाति वनकरियाको बासस्थान रहेको एक मात्र वडा हो, मनहरी गाउँपालिका वडा नम्बर ४ । हेटौंडाबाट करिव २५ किलोमिटर पश्चिम दक्षिण यात्रा गरेपछि पुगिने उक्त वडा राप्ती खोलाको किनारबाट सुरू हुन्छ । राप्ती खोला र स्थानीय खहरेको किनारमा अवस्थित यस वडा गाउँपालिका केन्द्र रजैयाबाट दक्षिण पूर्वमा पर्छ ।

पर्सा राष्ट्रिय निकुन्जसंग सिमा जोडिएको यो वडामा ६०६ घरधुरी र हेका छन् भने २ हजार ८९२ जनसंख्या रहेको छ । कुल जनसंख्यामध्ये ९० जना वनकरिया समुदायका छन् । वडा कार्यालयबाट दक्षिणतर्फ रहेको उक्त वनकरिया समुदायको बस्ती खहरेको किनारमा छ । वर्षा सुरू हुनासाथ आवतजावत ठप्प हुन्थ्यो । अहिले वनकरिया समुदायसम्म जोड्न मोडर बाटो निर्माण भएको छ । खहरेको किनारबाट ड्याम सहितको मोटर बाटो बनाइएको छ । बर्खामा स्कुल छुटाउन बाध्य वनकरिया विद्यार्थीहरूलाई अब भने स्थानीय सबैलाई सहज भएको छ ।

स्थानीय पशुपतिनाथ माविबाट करिव ३ किलोमिटर दूरीमा रहेको छ वनकरियावस्ती । ३ किलोमिटरमध्ये २ किलोमिटर सडक खहरेको बिच बगरमा पर्दछ । उक्त खहरेको बिच बगरबाट ड्याम निर्माण गरी २ किलोमिटर लम्बाइको सडक बनाइएको छ । वडाध्यक्ष प्रकाश थापाको पहलमा गत आर्थिक वर्षमा सो सडक निर्माण भएको हो । निर्वाचन पछिको पहिलो कार्यकालमा सो सडक निर्माणका लागि वडा कार्यालयमार्फत् गाउँपालिकाले १० लाख रूपैयाँ बजेट विनियोजन गरेको थियो भने प्रदेश सरकार मार्फत् ४० लाख रूपैयाँ बजेट प्राप्त भएको थियो ।

कुल ५० लाख रूपैयाँ बजेटबाट निर्माण गरिएको उक्त सडक अझै पुरा भने हुन सकेको छैन । सो सडक शाखा सडकसम्म जोड्न ५०० मिटर ड्याम निर्माण गर्नुपर्ने हुन्छ ।



## • सम्पादकीय •

# पुँजीगत खर्चमा ध्यान देऊ

नेपालमा ७० को दशकदेखि नै कायम रहेको पुँजीगत खर्च अत्यन्त न्यून हुने रोग या ८० को दशकमा पनि कायम रहनेजस्तो देखिन थालेको छ । विगत वर्षाहरूमा बजेट घोषणा हुँदा पुँजीगत खर्च बढाउने भनी प्रतिबद्धता जनाइँदै आउने गरिएको थियो । त्यसबीचको समयमा पनि अर्थमन्त्रीले यस्तो खर्च बढाउन निर्देशन वा छलफल चलाइरहेको अवस्था देखिन्थ्यो । यसपटक त त्यस्तो पनि गरेको पाइएन । यता बजेटको आकार बढ्दैजाँदा पुँजीगत खर्चको मात्रा भने घट्ने गरेको प्रत्येक पछिल्ला बजेटमा देखिन्थ्यो । चालू आर्थिक वर्षाको बजेटमा पनि अरूको तुलनामा पुँजीगत खर्चको अंक सानो छ । त्यसमध्येबाट पनि खर्च हुन सकेन भने खासगरी देशका पूर्वाधार विकास निर्माणको अवस्था कति दयनीय रहेको छ भन्ने बुझ्न सकिन्छ । ८० को दशक प्रारम्भ भएको बजेटको पहिलो चौमासिकमा विकास बजेटको खर्च ३० अर्ब पनि पुग्न सकेको देखिएन । यता सरकारी आम्दानी जसरी घटिरहेको छ त्यसको सबैभन्दा बढी मार पनि पुँजीगत खर्चले नै व्यहोरिरहनुपरेको देखिन्छ ।

चालू आर्थिक वर्ष २०८०/०८१ को पहिलो चार महिनामा सरकारी आम्दानीभन्दा खर्च खर्बकै अंकमा हुने गरी बढेको देखियो । यसले पनि सरकारको ध्यान पुँजीगत खर्च न्यून हुँदै गएकोतर्फ नगएको हुनुपर्छ । सरकारी खर्च र आम्दानीको हिसाब राख्ने निकाय महालेखा नियन्त्रकको कार्यालयको पछिल्लो विवरणअनुसार समीक्षा अवधिमा दुई खर्ब ९५ अर्ब ६५ करोड ५९ लाख रुपैयाँ आम्दानी भएको छ भने कुल खर्चको अंक भने तीन खर्ब ५५ अर्ब ६३ करोड ४० लाख रुपैयाँ पुगेको छ । सत्तरीको दशकमा आम्दानी र खर्च करिबकरिब बराबर नै हुने गरेकोमा ८० को दशकको प्रारम्भ भने पहिलो चौमासिकमा नै करिवकरिव एक खर्ब नै बढी हुने गरी भएको देखिन्छ । यो संकेत राम्रो होइन । बितेको वर्ष आयात व्यापारका केही वस्तुमा प्रतिबन्धलगाएतका कारण आम्दानी घटेको बताइएको थियो । चालू वर्ष त्यस्तो केही नहुँदा पनि आम्दानी र खर्चमा यति ठूलो अन्तर आउनुले संकेत राम्रो देखाउँदैन । त्यसमाथि यता सावाँ ब्याजको अंक बढिरहेको अवस्था छ । चालू वर्षको बजेटमा नै कुल पुँजीगत खर्चभन्दा ऋणको सावाँ ब्याज तिर्न व्यवस्था भएको रकमको अंक ठूलो थियो । मजबुत अर्थतन्त्रका लागि यो अर्को नराम्रो संकेत हो । ८० को दशक प्रारम्भ भएको सरकारले चालू आर्थिक वर्षाका लागि १७ खर्ब ५१ अर्ब ३१ करोड २१ लाख रुपैयाँको बजेट घोषणा गरेको थियो । सोहीमध्येबाट कात्तिक मसान्तसम्मको खर्चको अवस्थामा चालूतर्फ २३ दशमलव ७५, पुँजीगततर्फ नौ दशमलव ९३ र वित्तीय व्यवस्थातर्फ १७ दशमलव ७२ प्रतिशत खर्च भएको अवस्था छ ।

यसमा पुँजीगततर्फको खर्च विगतको भन्दा घट्दै आएको र वित्तीय व्यवस्था अर्थात् श्रृणको सावाँ ब्याजको रकम भने बढ्दै गएको देखिन्छ । पुँजीगततर्फ करिब १० प्रतिशत खर्च हुँदा सावाँब्याजको रकम भने १८ प्रतिशतको छेउछाउमा पुगेको छ । यो भनेको पुँजीगत खर्च बढाउनेतर्फ सरकाले खासै ध्यान नदिएको अवस्था हो । १७ अर्बको कुल बजेटमा पुँजीगत शीर्षकमा तीन खर्ब दुई अर्ब सात करोड ४४ लाख विनियोजन भएको थियो भने कात्तिक मसान्तसम्ममा २९ अर्ब ९८ करोड ९४ लाख बराबर मात्रै खर्च भएको देखियो । वित्तीय व्यवस्थापनमा भने तीन खर्ब सात अर्ब ४५ करोड ३६ लाख विनियोजन भएकोमा हालसम्म ५४ अर्ब ४६ करोड ९९ लाख खर्च भएको छ ।यो विकासका सन्दर्भमा राम्रो संकेत मान्न सकिदैन यसमा सुधार आवश्यक छ ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*


### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# सहकारी समस्याका कारण र समाधान



◆ रमेश घिमिरे

देशभर करिब ३१ हजार सहकारी संस्था रहेका छन् । त्यसमा बचत तथा ऋण सहकारी संस्था र नाम अरू भए पनि बचत तथा ऋणकै कारोबार गर्ने संस्थाको संख्या जोड्दा झन्डै २४ हजार छ । यी सहकारीमा करिब ५ खर्ब ५० अर्ब रूपैयाँ बचत रहेको छ । कैयौं सहकारी बचत फिर्ता गर्न नसक्ने अवस्थामा रहेका छन् । त्यसमध्ये केहीमा बचत र कम लगानी भएको ठाउँबाट उठ्न कठिन देखिएको छ । कतिपय संस्थामा भने बचत रकम कहाँ गयो भन्ने यकिनसमेत हुन सकेको छैन ।

एकै किसिमको काम गर्ने एक टोलका मानिसहरूको औपचारिक समूह सहकारी हो । सहकारी तीन किसिमका हुन्छन्– उत्पादक, श्रमिक र उपभोक्ता । उदाहरणका लागि दूध उत्पादन गर्ने किसान मिलेर खोलेको उत्पादक सहकारी हो । सिकर्मी मिलेर खोलेको श्रमिक सहकारी हो । किराना पसलका ग्राहक मिलेर खोलेको उपभोक्ता सहकारी हो ।

माथिको उदाहरणमा दूध उत्पादक सहकारीले आफ्ना सदस्यबाट मात्र दूध खरिद गर्छ । बिक्री जो–कोहीलाई गर्न सक्छ । त्यस्तै उपभोक्ता सहकारीले सामान जहाँसुकैबाट खरिद गर्छ । बिक्री भने आफ्ना सदस्यलाई मात्र गर्छ । श्रमिक सहकारीले जहाँसुकैबाट काठ खरिद गर्छ । फर्निचर बनाउने काम आफ्ना सदस्यबाट मात्र हुन्छ । सदस्यलाई सहकारीले ज्याला दिन्छ । तयार फर्निचर जहाँसुकै बिक्री गर्छ । सहकारी भनेको बिचौलियाको अन्त्य हो । सहकारी सदस्यले सामान र श्रम बिक्री गर्दा बढी मूल्य पाउँछन् । खरिद गर्दा सस्तो मूल्यमा पाउँछन् । किनकि यहाँ बीचमा नाफा खाने पक्ष हुँदैन ।

सहकारीको आधारभूत अवधारणामा बचत तथा ऋण सहकारी हुँदैन । तथापि सहकारीले सदस्यहरूको मासिक बचत परिचालन गर्न सक्छन् । श्रम वा वस्तु बिक्रीबाट घर खर्च चलेर बाँकी भएको पैसा सहकारीमा बचत गरिन्छ । कुनै कामविशेषले पैसा चाहिएको बेला सहकारीबाट ऋण लिइन्छ । नेपालमा छट्टै बचत तथा ऋण सहकारी संस्था पनि छन् । यस्ता सहकारीको प्रयोजन सदस्यहरूबाट नियमित बचत संकलन गर्ने र उनीहरूलाई ऋण प्रवाह गर्ने हो । वित्तीय पहुँच सहज नभएका व्यक्तिहरूका लागि यस्ता संस्था उपयोगी हुन्छन् ।

सहकारीमा नियमित बचतको अवधारणा हुन्छ । जस्तो– मासिक ५ सय वा १ हजार रूपैयाँ बचत गर्दै जाने । यस्तो बचत झिक्न पाइँदैन । बचत झिक्न सदस्यता पनि त्याग गर्नुपर्छ । बीचमा पैसा चाहियो भने ऋणको रूपमा लिनुपर्छ । बैंक र सहकारी दुवैको सञ्चालन सेयरधनीले गर्ने हो । बैंकमा सेयर रकमको आधारमा मताधिकार हुन्छ भने सहकारीमा सबै सदस्यको बराबर मताधिकार हुन्छ । निक्षेप जम्मा गर्ने र ऋण लिने व्यक्ति बैंकको सञ्चालनमा हिस्सेदार हुँदैनन् । सहकारीमा भने बचत गर्ने, ऋण लिने र सेयरधनी एकै व्यक्ति हुन्छन् ।

नेपालको सन्दर्भमा भन्ने हो भने बैंकमा १ प्रतिशत सेयर लगानी गर्नेले आफ्नो बैंकबाट ऋण लिन पाउँदैन । सहकारीमा आफू सेयरधनी भएको सहकारीबाट मात्र ऋण लिन पाइन्छ । बैंकमा बचत गर्ने र ऋण लिने व्यक्ति धेरै हुने तर बैंक सञ्चालनमा उनीहरू हिस्सेदार नहुने हुँदा उनीहरूको हित संरक्षणका लागि सरकारले नियमन गर्छ । सहकारीमा भने सरकारी नियमन आवश्यक पर्दैन ।

सोझा सदस्यलाई गुमराहमा पारेर टाठाबाठाले बढी लाभ लिन नसकून भनेर सहकारी दर्तादेखि नै विशेष व्यवस्था गरिन्छ । सहकारी दर्तापूर्व आवेदक सदस्यहरूले सहकारीको आधारभूत शिक्षा तालिम लिएको हुनुपर्छ । नयाँ थपिने सदस्यले पनि तालिम लिनुपर्छ । जतिखेर चाहियो उतिखेर पैसा झिक्न सकिने खातालाई चल्ती खाता भनिन्छ । निश्चित अवधिका लागि एकमुस्ट पैसा राख्ने खातालाई मुद्दती खाता भनिन्छ । वित्तीय सहकारीमा चल्ती र मुद्दती खाता हुँदैन । बैंकमा राख्ने पैसालाई निक्षेप भनिन्छ । सहकारीमा राख्ने पैसालाई बचत भनिन्छ ।

बैंक पब्लिक कम्पनी हुन् । बैंकको निश्चित चुक्ता पुँजी हुन्छ । खुला बजार मार्फत जो–कोहीबीच सेयर किनबेच गर्न सकिन्छ । बैंकले सर्वसाधारण जोकोहीबाट निक्षेप लिन्छ । त्यो निक्षेप जो–कोहीलाई ऋण दिन सक्छ । बैंकले निक्षेप र कर्जाको ब्याजको अन्तरबाट मुनाफा कमाउँछ । त्यो मुनाफा सेयरधनीलाई वितरण गरिन्छ । बैंकले सेयर पुँजीको सयौं प्रतिशत पनि मुनाफा गर्न सक्छन् । सहकारीको चुक्ता पुँजी हरेक वर्ष फेरबदल हुन सक्छ । यसमा सदस्य थपिँदै जान सक्छन् । पुराना सदस्यले सदस्यता त्याग गर्न सक्छन् । सदस्य थपिँदा चुक्ता पुँजी बढ्छ । त्यस्तै सदस्य घट्दा चुक्ता पुँजी घट्छ ।

सहकारीले गरेको आम्दानी र खर्चको अन्तरलाई मुनाफा भनिँदैन । खुद बचत भनिन्छ । खुद बचतको एक चौथाइ संस्थागत विकासका लागि अविभाज्य कोषमा राख्नुपर्छ । बाँकी रहेको खुद बचतको एक चौथाइ रकम संरक्षित पुँजी फिर्ता कोषमा राख्नुपर्छ । त्यो रकम कारोबारको अनुपातमा सक्रिय सदस्यहरूले प्राप्त गर्छन् ।

बाँकी खुद बचतको केही अंश मात्र सबै सेयरधनीले लाभांश पाउँछन् । देशमा चलेको पुँजीको औसत प्रतिफल दरभन्दा बढी लाभांश वितरण गर्न पाइँदैन । खुद बचतबाट सदस्यहरूको शिक्षा, तालिमका लागि केही अंश र सामुदायिक विकासका लागि पनि केही अंश छुट्ट्याउनैपर्छ ।

सहकारीले सेयर खरिद गरेर निष्क्रिय बस्ने कार्यलाई प्रोत्साहन गर्दैन । वार्षिक श्रम वा वस्तु बिक्रीबाट प्राप्त रकमको अनुपातमा संरक्षित पुँजी फिर्ता कोषबाट थप प्रतिफल पाइन्छ । नियमित बचत गर्नेको हकमा वर्षभरि प्राप्त गरेको ब्याजलाई कारोबार रकम मानिन्छ । ऋणीको हकमा समयमा तिरेको ब्याजलाई कारोबार रकम मानिन्छ । भाका नाघेको ऋणीले यस्तो प्रतिफल पाउँदैन ।

उपभोक्ता सहकारीको हकमा वर्षभरिमा सामान किनेर भुक्तानी गरेको रकमलाई कारोबार रकम मानिन्छ । सहकारीले सदस्यबाहिर बिक्री गर्न मिल्दैन । तर, त्यो ठाउँमा उपभोक्ताका लागि अन्य विकल्प उपलब्ध छैन भने सदस्यबाहिर पनि सहकारीले सामान बेच्नुपर्छ । त्यस्ता ग्राहकले पनि अतिरिक्त प्रतिफल समान ढंगले प्राप्त गर्छन् । कुनै व्यक्तिले उत्पादन गरेको, श्रम गरेको वा खरिद गरेको सामानमा सञ्चालन खर्च कटाउँदा बचत हुने र कमको भागिदार त्यही श्रमिक, उत्पादक वा ग्राहक नै हुनुपर्छ भन्ने सहकारीको मान्यता हुन्छ । एउटाको मुनाफा अरूले हरण गर्ने सम्भावना नभएको हुँदा कोही घाटामा जाने सम्भावना हुँदैन । कसैले बढी मुनाफा गर्ने सम्भावना पनि हुँदैन ।

सहकारी भनेको मुनाफा नगर्ने र घाटा पनि नहुने संस्था हो भने नेपालमा सहकारी कसरी डुबे र किन बचतकर्ताको पैसा फिर्ता हुन सकेन ? नेपालमा सहकारीको खोल ओढेर बैंकको कारोबार गरियो । बैंक सञ्चालन गर्न सरकारले तोकेको योग्यता भएका सञ्चालक र व्यवस्थापक हुनुपर्छ । सहकारी मूलतः स्वनियमनमा चल्छन् । कानुनको दायरा नाघेका छन् कि छैनन् भन्ने विषयमा भने सरकारले अनुगमन र नियमन गर्नुपर्छ । एकातिर सरकारले अनुगमन र नियमन गर्न सकेन, अर्कातिर नियमन गर्नु पर्दैन र गर्नु हुँदैन भन्ने मान्यताले पनि भूमिका खेल्यो ।

सहकारीको मान्यता नियमित बचत हो । तर, सम्पत्ति बिक्री गरेको करोडौं रूपैयाँ सहकारीमा मुद्दती गरे । चिनजान भएको समुदायभित्र मात्र सदस्य बन्नुपर्ने हो । सञ्चालक समितिले सदस्यता दिने निर्णय गरेपछि मात्र कारोबार गर्न मिल्ने हो । तर १ सय रूपैयाँको एक कित्ता सेयर खरिद गरेर जोकोहीले ठूलो कारोबार गरे ।

बढी ब्याजको लोभ जसलाई पनि हुन्छ । लोभका कारण मात्र सहकरीमा मानिसहरूले ठूलो रकम जम्मा गरेका होइनन् । लोभ र अज्ञानता दुवै कारण मिश्रित हुँदा यस्तो भएको हो । जोखिम बुझ्न सक्ने ज्ञान भएको मानिसले सहकारीमा मुद्दती गर्दैन ।

त्यसैगरी, अध्यक्ष वा टाठाबाठा सञ्चालकले आफूले एकमुस्ट ऋण लिएर आफ्ना महत्वाकांक्षी परियोजनाहरूमा लगानी गरे । परियोजनाबाट अपेक्षित उच्च प्रतिफल आउन सकेन । सहकारीलाई ब्याज र किस्ता फिर्ता गर्न सकेनन् । सहकारी व्यवस्थापकसँग ठूला बिजनेस प्लानको वित्तीय सम्भाव्यता र जोखिम मूल्यांकन गर्ने क्षमता हुने कुरा भएन । सहजै प्रवाह भएका ऋण उठ्न असहज हुनु स्वाभाविकै हो । यसरी अन्य सदस्यले लिएका ऋण पनि उठेनन् । सहकारी सिद्धान्तमा जति धेरै सदस्यले ऋण लियो उति राम्रो मानिन्छ । सीमित व्यक्तिले ठूलो ऋण लिनु नै जोखिमको सूचक हो । साथै, यसरी सहकारीको उद्देश्य पनि प्राप्त हुँदैन, किनकि सबै सदस्यको जीवनस्तर उकास्नु यसको उद्देश्य हो ।

सहकारी सिद्धान्त र कानुनी घेरा नाघेर सञ्चालन हुनु, सञ्चालक र व्यवस्थापकको जोखिम व्यवस्थापन मूल्यांकन गर्ने क्षमता नहुनु, ऋण प्रवाहमा गम्भीरता नदिनु, बदनियत नै राखेर कारोबार गर्नुजस्ता बहुकारणबाट सहकारीमा समस्या देखिएको हो । अब समस्या आउन नदिन सचेतना वृद्धि र अनुगमन नियमनलाई प्रभावकारी बनाउने हो । तर, जोखिममा परिसकेको अर्बौं रूपैयाँको समाधान के हो ? असल नियतले काम गरे पनि ढंग नपुगेका संस्थामा पर ामर्श सेवा उपलब्ध गराएर समाधानको प्रयत्न गर्नुपर्छ ।

दायरा नाघेका र सिद्धान्तअनुसार नचलेका सहकारी संस्थालाई थप बचत संकलन र ऋण प्रवाहमा रोक लगाउनुपर्छ । ऋण असुली, सम्पत्ति बेचबिखन र दुरूपयोग भएको सम्पत्ति खोजबिन गरेर एकीकृत गर्नुपर्छ । संस्था खारेज गरेर दामासाहीले दायित्व फर फारक गर्नुपर्छ ।

# जाडोको खान्की: 'सन्याखुन्या'

खासमा भन्ने हो भने नेवारी परिकारहरू माछा-मासु बिना अपूरै हुन्छन् । नेवारी परिकार र मासु एकअर्काका परिपूरक जस्तै हुन् । जाडोयाममा मासुबाट बनाइने एक परिकार हो सन्याखुन्या ।

राँगाको खुट्टाको मासुबाट बनाइने यो परिकारमा स्वादको लागि माछाको सिद्रा राखिने भएकाले सन्याखुन्या भनिएको हो । नेपाल भाषामा सिद्रालाई सङ्गा भनिन्छ ।

संस्कृतिविद् ओम धौभडेल यो परिकार बनाउन मासुको बाक्लो झोल आवश्यक पर्छ । यसो नहुने भएकाले राँगाको खुट्टाबाट यो मासुको परिकार बनाइन्छ । जाडोयाममा नेवार समुदायमा धेरैजसो प्रत्येक घरघरमा सन्याखुन्या बनाइन्छ ।

जाडो महिनामा हुने विवाह, ब्रतबन्ध, बेलविवाह लगायत भोजमा अनिवार्य हुन्छ सन्याखुन्या । जाडोयाममा लामो समय खान मिल्ने र जाडोका कारण जम्ने भएकाले यसबेला यो परिकार बनाइने हुन्छ ।

## सन्याखुन्या बनाउन चाहिने सामग्री

राँगाको खुट्टा, माछाको सिद्रा, कराही, डेक्ची वा प्रेसर कुकर, तोरीको तेल, तेजपात, पिरो खुर्सानी, लसुन, अदुवा, जीरा, गरम मसला, ज्यामिर, हिंग, नुन । तयार भएपछि राख्नका लागि माटोको भाँडो वा प्लास्टिकको भाँडा चाहिन्छ ।

## बनाउने तरिका

सुरुमा राँगाको खुट्टालाई चुलोमा राम्ररी पोलेर फाल्ने, त्यसपछि राम्ररी पखालेर मासुलाई टुक्राटुक्रा पार्ने, त्यसलाई डेक्ची वा प्रेसर कुकरमा पानी, मासु, तेजपत्ता र थोरै तेल हालेर उसिन्ने ।

प्रेसर कुकरमा १५ देखि २० सिट्ठी लगाउनुपर्छ । डेक्चीमा भए करिब एक घण्टा उसिन्नुपर्छ । त्यसपछि त्यसलाई एउटा भाँडामा निकालेर हड्डी र मासु छुट्याउने गर्नुपर्छ । डेक्चीमा उसिनेको भए त्यसमा छुट्याइसकेको मासुलाई राख्ने र त्यसपछि कराहीमा तेल राखेर तताउनुपर्छ ।

त्यसमा पिसेको अदुवा, लसुन, पिरो खुर्सानी, बेसार, जिरा, गरम मसला, नुन हालेर मज्जाले चलाउने, स्वाद र अमिलोको लागि ज्यामिर वा निबुवाको प्रयोग गर्न सकिन्छ ।

डेक्चीमा भए त्यसलाई उमाल्ने चलाउने गरिरहने, मासु निकालेर हडी र मासु छुट्याउने । आवश्यकता अनुसार तातो पानी हाल्ने र त्यसपछि पिसेको अदुवा, जिरा नुन हाल्ने अनि उमाल्ने । त्यसपछि आवश्यकता अनुसार पानी हाल्ने, छुट्याएको मासु राखेर राम्ररी उमाल्नुपर्छ ।

यसरी उमाल्दा पानी कम भएमा चिसो पानी थप्नु हुँदैन, तातो पानी थप्नुपर्छ । चिसो पानी थपेमा सन्याखुन्या नजम्न सक्छ । उमाल्दा बीचबीचमा चलाइराख्नुपर्छ ताकि मसला वा मासु नडढोस् । एक-डेढ घण्टा जति उमालेपछि मासुको झोल लेदो खालको नभएसम्म उमालेपछि सन्याखुन्या तयार हुन्छ ।

त्यसपछि मासु झोललाई छुट्याउने, छुट्याएको झोललाई माटो वा प्लास्टिकको भाँडामा राख्ने, तेलमा तारेर राखेको सिद्रालाई स-साना टुक्रा पारेर त्यसमाथि हाल्ने, रातो खुर्सानी राखेर कसैले नचलाउने ठाउँमा चार-पाँच घण्टा छाड्ने । जब जम्छ त्यसपछि खान तयार हुन्छ ।

आजभोलि भने चाँडै तयार गर्न डीप फ्रिजमा राखिन्छ । यसमा एक डेढ घण्टामा नै जम्छ । राम्ररी जमेको सन्याखुन्या घोप्टो पार्दा वा हल्लाउँदा पनि पोखिंदैन ।

पहिला जाडोयाममा शरीरलाई तातो बनाउन सन्याखुन्या खाने चलन गरेको बताइन्छ । मरमसला र खुर्सानी धेरै हालेर पिरो बनाइने भएकाले यो चिउरा र खानासँग खाँदा पसिना नै आउँछ । अहिले प्लास्टिकको भाँडामा राख्ने गरिए पनि पहिले माटोको भाँडामा नै राखेर जमाउने गरिन्थ्यो ।

# किन स्कुल जान मन गर्दैनन् बालबालिका ?

सधैं स्कुल गइरहेको बच्चा कहिलेकाहीं अचानक जान मान्दैनन् । स्कुल जान डराउने, रूने, कराउने, झगडा गर्ने गर्छन् । बालबालिकाको यस्तो जिद्दीको अगाडि अभिभावक पनि लाचार भएर उनीहरूको इच्छाअनुसार स्कुल पठाउँदैनन् । कहिलेकाहीं यस्तो अवस्था आएमा त गम्भीर नहोला ।

तर कतिपय अवस्थामा लामो समयसम्म पनि बालबालिका स्कुल जान मान्दैनन् । बच्चालाई सक्ल पठाउने अभिभावकको प्रयास असफल भइरहेको हुन्छ । कसैलाई बल्ल पठायो, पुनः फर्किएर आउने र अर्को दिन पठाउन कठिन हुने अवस्था हुन्छ । यस्तोमा बालबालिकाको यस्तो बानीबाट आजित कतिपय अभिभावक स्कुल नजानुको कारण बुझ्नुको सट्टा बच्चाले नै झुट बोलेको वा बहाना बनाएको ठानेर कुटपिट गरी विद्यालय पठाउने गर्छन् । जुन विल्कुल गलत हो ।

स्कुलको वातावरण, साथी वा शिक्षकहरूका कारण उनीहरूमा परेको मानसिक प्रभावले स्कुल जान नखोजेको हुन सक्छ । यस्तोमा उनीहरूलाई कुटपिट गर्नुको सट्टा के कारणले जान चाहँदैनन् त्यो बुझ्नु जरूरी छ ।

## साथीबाट बुलिङ

स्कुल भनेको साथीभाइ जमघटको स्थान पनि हो । आफ्ना उमेरसमूह र मिल्ने साथीसमूहबीच स्कुलमा प्रायः बालबालिकाको ग्रूप बनिसकेको हुन्छ । केही बालबालिका पहिल्यै जमिसकेको समूहमा भिज्न नसक्दा आफूलाई एक्लो अनुभव गर्न सक्छन् । त्यति मात्र होइन, कहिलेकाहीं स्कुलमा साथीभाइबाट बुलिङ भइररहेको हुन सक्छ । स्कुलमा साथीभाइले होच्याउने, नामलाई बंग्याएर बोलाउने तथा जिस्काउने, धम्काउने जस्ता कार्यले उसले केही भन्न नसक्ने र बिस्तारै बच्चाको मनमा डर बस्न सक्छ । त्यो डरले स्कुलको नाम सुन्दै बच्चाको टाउको दुखाइ बन्न सक्छ ।

## आफूलाई कमजोर ठान्ने

स्कुलमा बच्चाले आफ्ना साथीहरूसँग सबै कुरामा प्रतिस्पर्धा गर्नुपर्ने हुन्छ । अन्य सहपाठीजस्तो पढाइमा कमजोर भए वा अरूले बारम्बार भनिरहेमा उसले आफूलाई कमजोर ठान्ने र आत्मविश्वासमा कमी हुन्छ, जसले विद्यालय जान नगर्न सक्छन् । यसबाहेक यदि बच्चाले अन्य बच्चाहरूको तुलनामा सिक्न बढी समय लिन्छ भने उनीहरू झन् आत्तिने र ध्यान केन्द्रित नगर्ने समस्या हुन सक्छ ।

## अरूभन्दा फरक हुने डर

यदि अरू बच्चाहरू भन्दा सिक्न बढी समय लगाउने, कक्षामा कुनै पनि प्रश्नको जवाफ दिन नसकेमा उसको यो कमीलाई स्कुलमा मजाक बनाइएको देखिन्छ । प्रश्नको जवाफ दिन नसकेपछि शिक्षकले बालबालिकालाई हप्काउने, अन्यसँग तुलना गरिदिने, साथीभाइले पनि जिस्काउने गर्ने परिपाटीले गर्दा आफ्नो कमजोरी लुकाउन बच्चाहरू विद्यालय नजाने बहाना खोज्न थाल्छन् । यसले बालबालिकाको मनोबल घटाउँछ ।

## समयमा कार्य पूरा नहुनु

विद्यालयमा शिक्षकले उनीहरूलाई विद्यालयमा अभ्यास गराउने मात्र होइन, घरबाटै पूरा गर्ने काम पनि दिन्छन् । यस्तो अवस्थामा कतिपय बालबालिकाले अभ्यासको अवधारणा बुझ्दैनन् वा आफ्नो कक्षाको काम र गृहकार्य पूरा गर्न नसक्ने अवस्थामा शिक्षकबाट गाली गर्ने डर हुन्छ । यस्तो अवस्थामा उनीहरूले यो गालीबाट बच्ने सबैभन्दा राम्रो उपाय भनेको विद्यालय नजानु नै हो भन्ने ठान्छन् । त्यसैले विद्यालय नजान बहाना बनाउँछन् ।

## एन्जाइटी हुन सक्छ

बच्चाले विभिन्न कारणवश विद्यालय जानबाट पन्छिन खोजेमा उसमा आजीवन नकरात्मक असर पार्न सक्छ । जस्तै, ६ महिना पढाइ छुटेको छ भने पनि बालबालिकालाई पछि कक्षामा पुनः सामेल हुन गाह्रो हुन्छ । यसबाट उनीहरूमा झन् मानसिक दबाब पर्न जान्छ ।

यदि स्कुलमा तनावपूर्ण वातावरण भइरह्यो र समयमै यसको समाधान भएन भने बच्चामा एन्जाइटी हुन सक्छ । पढाइमा ध्यान दिन नसक्नु, परीक्षाको डर, अन्य बालबालिकाबाट पीडित, शिक्षकद्वारा कुटपिट तथा यातना दिइएमा बालबालिकामा परिणाम स्वरूपः स्कुल जान मन नगर्ने, स्कुल जान डराउने, विद्यालय गएपछि टाउको भारी हुने, पेट दुखाइ, कहिले ज्वरो समेत आउने जस्ता स्वास्थ्य समस्या हुन सक्छ ।

यस्ता मानसिक समस्याबाट ग्रस्त भएका बालबालिकामा स्वास्थ्य जाँच चेक गराउँदा पनि कुनै पनि किसिमको शारीरिक रोग नदेखिने हुन्छ । अर्थात्, तनावपूर्ण वातावरणले उनीहरूमा एन्जाइटी गराई शारीरिक रूपमा पनि प्रतिक्रिया स्वरूप असहजताको महसुस गराउन सक्छ ।

## समाधान कसरी गर्ने ?

### स्कुल जान नमान्ने कारण पत्ता लगाउन प्रयास गर्ने

यस्ता समस्या देखा परेमा सर्वप्रथम उनीहरूमा के कारणले यस्तो समस्या देखा पऱ्यो भन्ने विषयको पत्ता लगाई समस्या समाधान गर्नेतर्फ लाग्नुपर्छ । बच्चाको नजिक हुने पहिले सदस्य भनेको अभिभावक हो । अभिभावकले किन स्कुल जान नमानेका कारण नरम भएर सोध्नुपर्छ । यदि बच्चाबाट कुरा नआए स्कुलमा केही घटना घटेको छ कि भनेर बुझ्नु जरूरी हुन्छ । किनकि यो समस्यालाई जति धेरै बेवास्ता गरिन्छ, त्यति बच्चाको मनोदशा बिग्रिंदै जान्छ ।

### साथीजस्तो व्यवहार गर्ने

आफनो बालबच्चालाई सधैं साथीको रूपमा कुरा गर्नुहोस् । ताकि उसले आफ्ना सबै कुरा तपाईंसँग खुलेर भन्न सकोस् । स्कुलबाट आएपछि बच्चासँग घुलमिल हुने प्रयास गर्नुपर्छ । सुरूवातका लागि आफ्नो विद्यालय र विद्यालयका रमाइलो पलबारेमा बताउनुपर्छ । जसले गर्दा उनीहरूलाई स्कुल एकदमै रमाइलो ठाउँ हो भन्ने लागेर जान प्रेरित हुन सक्छन् ।

### पढाइमा कमजोर भए गाली नगर्ने

बच्चा पढाइमा कमजोर छ भने उसलाई सिकाउने, बुझाउने प्रयास गर्न सकिन्छ । अभिभावकले होस् वा शिक्षकले उनीहरूलाई कमजोर भएको भान नगराई मेहनत गराउन अभिप्रेरित गर्नुपर्छ । हरेक शिक्षकले कुनै पनि विषय बच्चालाई असहज लागेमा आफूले धैर्य राखी उनीहरुले बुझ्ने शैलीमा बुझाउनुपर्छ । र, केही गडबड भए पनि उनीहरूलाई स्नेहपूर्वक बुझाउनुपर्छ ताकि उनीहरूले आफ्ना कमजोरी र गल्तीहरूलाई सकारात्मक रूपमा लिएर सुधार्न सकुन् ।

बालबालिकामा सम्झाउँदा, फकाउँदा पनि उचित सुधार नदेखिएमा सम्बन्धित चिकित्सकसँगको परामर्शमा औषधिसमेत खुवाउनुपर्ने हुन्छ ।

यो वर्षाको समयमा झाडापखाला, आउँ, टाइफाइड जस्ता पानीजन्य रोगहरु लाग्न सक्ने ठूलो सम्भावना रहन्छ । त्यसैले, महामारी फैलनबाट बच्न र बचाउन पानी शुद्धिकरण गरेर मात्र पिउने गरौं ।

पानी शुद्धिकरण गर्ने विधिहरु:

पानी धमिलो छ भने शुरुमा पानीलाई थिग्र्याएर छान्ने,
पानीलाई उमालेर मात्र पिउने,
उपलब्ध छ भने पानीलाई फिल्टर गर्ने,
पियुष वा आक्वा ट्याब्लेट राखेर शुद्धिकरण गर्ने ।

- पियुष प्रयोग गर्दा एक लिटर पानीमा एक थोपा पिउष झोल हाल्ने वा
- ३३ मिलिग्रामको आक्वा ट्याब्लेट प्रयोग गर्दा १० लिटर पानीमा एक चक्की आक्वा ट्याब्लेट हालेर राम्ररी घुलाउने ।
- पियुष वा आक्वा ट्याब्लेट हालेर पानीलाई राम्ररी सफा भाँडोले छोपेर आधा घण्टासम्म राखेपछि मात्र प्रयोग गर्ने ।




थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
स्वास्थ्य शाखा
थाहा नगर खानेपानी व्यवस्थापन बोर्ड २०७६

नगरौं विवाहका कुरा: भएको छैन बीस वर्ष पुरा

बालविवाह सामाजिक अपराध हो, बालविवाह नगरौं, नगराऔं ।




बालविवाह गर्नु वा गराउनु सामाजिक अपराध हो र यो दण्डनीय छ । बालविवाह गरे वा गराएको पाइएमा नजिकको प्रहरी/वडा कार्यालय, बालक्लब, बालसञ्जालमा खबर गरौं । बालविवाह रोकौं, बालबालिकाको सुनौलो भविश्य निर्माणमा आजै देखि सबै लागौं ।

"सानै छु बढन देउ, विवाह हैन पढन देउ"

थाहा नगरपालिका
सामाजिक विकास शाखा
इन्द्रायणी चौर, मकवानपुर

# थाहा महोत्सवका लागि इन्द्रायणी थानमा क्षमा पुजा गरियो



◆ विकास संवाददाता

थाहा नगरपालिकाको इन्द्रायणी माईको मन्दिरमा क्षमा पुजा गरिएको छ । २ मंसिर विहान यहि १४ मंसिरबाट शुरू हुने चौथो थाहा महोत्सवको लागि क्षमा पुजा गरिएको हो । महोत्सव आयोजना गरिन लागिएको उक्त इन्द्रायणी मन्दिर परिसरमा थाहा नगरपालिकाको नगर प्रमुख विष्णु बहादुर विष्ट तथा उपप्रमुख भरत गोपालीको विशेष उपस्थितीमा थाहानगर उद्योग वाणिज्य संघको आयोजनामा पुजा गरिएको हो ।

इन्द्रायणी चौरमा मन्दिरलाई छेकिने गरी कुनै कार्य गर्दा इन्द्रायणी माईको क्षमा पुजा गर्ने चलन रहि आएको छ । उत्तरी मकवानपुरकै शक्ति पिठहरू मध्येको प्रशिद्ध रहेको मन्दिरमा आयोजित क्षमा पुजामा थाहानगर उद्योग वाणिज्य संघका अध्यक्ष पुरूषोत्तम ढकालसहित पदाधिकारीहरू, इन्द्रायणी–भगवती–कालाभैरव गुठी संरक्षण समितिका अध्यक्ष श्यामभक्त श्रेष्ठ, सचिव मधुकरविक्रम श्रेष्ठलगायतका उपस्थिति रहेको थियो ।

क्षमा पुजा पश्चात् महोत्सवको लागि चौरमा स्टल निर्माण गर्न बाटो खुलेको महोत्सव आयोजक मुल समितिका अध्यक्ष पुरूषोत्तम ढकालले बताए । अब छिटो स्टल निर्माणको काम थालनी हुने उनले जानकारी दिए । यसअघि पनि आयोजना हुँदै आएको थाहा महोत्सव कोभिड महामारीका कारण स्थगित भएको थियो । यसवर्ष थाहानगर उद्योग वाणिज्य संघले आयोजना गर्न लागेको थाहा महोत्सव चौथो हो ।

# बढ्दै कृषि यान्त्रीकरण, हराउँदै हल गोरू



◆ विकास संवाददाता

कुनै बेला खेतीपातिका लागि हलो र गोरू अपरिहार्य थिए । असारमा धान रोप्न होस् वैशाखमा मकै छर्न । घैयाबारीमा तोरी छनै होसकी कोदोको बाँझो फुटाएर तरकारी खेति बलिया गोरू र हलो जुवा नभई हुँदैन थियो ।

तर, मकवानपुरमा बढ्दै गएको सहरी केन्द्रित बसाइँ सराइ, युवाको विदेश पलायन र प्रविधिको विस्तारले यतिबेला मकवानपुरको सुगम क्षेत्र मात्र होइन बिकट गाउँपालिका क्षेत्रको कृषि व्यवहारमै परिवर्तन ल्याइदिएको छ । जसका कारण गाउँ घरमा गोरूको संख्या महत्व हराउँदै गएको छ भने ट्याक्टर सहितका कृषि औजारको प्रयोग दिन प्रतिदिन फैलिंदै गएको छ ।

मकवानपुरको हेटौंडा उपमहानगर पालिका, मकवानपुरगढी गाउँपालिका, भीमफेदी गाउँपालिका, इन्द्रसरोवर गाउँपालिका, थाहा नगरपालिका, कैलाश गाउँपालिका, राक्सिराङ गाउँपालिका, मनहरी गाउँपालिका, बकैया गाउँपालिका र बागमती गाउँपालिकामा हिजोआज खेतबारीमा गोरूले जोत्नुको सट्टा हाते ट्याक्टर र ठुला ट्याक्टरले जोत्नेक्रम निकै बढेको किसानहरू बताउँछन् ।

पहिलेको तुलनामा गोरू पालेर खेत र बारी जोत्ने काम निकै कम भएको र अहिले सबै काम ट्याक्टरबाट भइरहेको मकवानपुरगढी ५ का किसान स्याम घिमिरे बताउँछन् । कृषि प्रविधिको विस्तारका कारण परम्परागतसंगै आधुनिक फलामे हलोसमेत कृषकबाट विस्थापनको चरणमा देखिन्छ । नेपालमा पछिल्लो समय कृषि मेशनरीको प्रयोग बढेको नेपालमा ट्याक्टरको कारोबार गर्ने व्यवसायी उमेश नारायण मानन्धर बताउँछन् । उत्पादन बृद्धिका लागि यान्त्रीकरणको महत्व बुझेपछि किसानहरू आकर्षित भएको उनको भनाइ छ ।

# थाहा फिल्म फेस्टिबलमा निःशुल्क देखाइने ६ फिल्म यस्ता छन्

◆ विकास संवाददाता




आगामी ९ मंसिरदेखि १५ सम्म थाहा नगरपालिकाको जेसीज हलमा फिल्म फेस्टिबल हुने भएको छ । प्रथम थाहा फिल्म फेस्टिबलमा नेपाली चलचित्रहरू प्रदर्शन गरिने भएको छ । ती चलचित्रहरू कस्ता छन् त ?

## राधा

सुवर्ण थापा निर्देशित चलचित्र 'द सिक्रेट्स अफ राधा' ले गर्भवती महिलाले श्रीमान्को खोजी गर्ने क्रममा भोगेको उतार–चढावलाई चित्रण गरेको छ । 'द सिक्रेट्स अफ राधा' नेपाली परिवेशमा गर्भवती महिलाले श्रीमान्को पर्खाइमा बस्दा गर्नुपरेको संघर्षको कथा बोकेको छ । निर्देशक थापा र नायक सौगात मल्लको निर्माणमा बनेको चलचित्रमा सृष्टि श्रेष्ठ र मेनुका प्रधानको मुख्य भूमिका रहेको छ । साथै चलचित्रमा सौगात मल्ल, खगेन्द्र लामिछाने समेत रहेका छन् भने दयाहाङ राई र निश्चल बस्नेत विशेष भूमिकामा छन् । 'राधा' ले फ्रान्सको कान्स सहरमा आयोजित 'ला फामे इन्डिपेन्डेन्ट फिल्म फेस्टिभल' मा उत्कृष्ट फिचर फिल्म, उत्कृष्ट अभिनेतृ, उत्कृष्ट निर्देशकको अवार्ड गरी तीन विधामा अवार्ड प्राप्त गरेको थियो । त्यसैगरी नेपाल–अमेरिका अन्तर्राष्ट्रिय चलचित्र महोत्सवमा उत्कृष्ट फिचर तर्फको अवार्ड पाएको थियो । यो फिल्म अस्ट्रेलिया, अमेरिका, क्यानडा लगायत देशमा विशेष प्रदर्शन भइसकेको छ ।

## ऐना झ्यालको पुतली

झ्यालमा अड्किएको पुतलीले बाहिर के छ सबै देख्छ तर जति प्रयास गरे पनि बाहिर निस्कन सक्दैन । यही सन्दर्भलाई प्रस्तुत गरिएको चलचित्रमा सिरू विष्ट, कञ्चन चिमरिया, दिनेश खत्री, राज थापा, विशा चामलिङ राई, उमेश श्रेष्ठ, मल्लिका श्रेष्ठलगायतका कलाकारले अभिनय गरेका छन् ।

स्कुले शिक्षा लिन चाहने किशोरीको सपना र त्यसमा आउने अवरोधलाई समेटेर सुजित बिडारीले निर्देशन गरेको फिल्ममा दिदी र भाइको सम्बन्धका आयामलाई रोचक ढंगले प्रस्तुत गरिएको छ । फिल्ममा पहाडी जिल्लाको एक गाउँमा पढ्ने १३ वर्षीया किशोरीको सहरमा गएर पढ्ने सपनालाई उतारिएको छ । जतिचोटि उनी सपनाको नजिक पुग्छिन् कुनै न कुनै बाधा आइपरेर उनको सपना भताभुंग हुन्छ । किशोरीको पढ्ने सपनालाई ऐनाको झ्यालमा अड्किएको पुतलीसँग तुलना गरेर कथानक तयार पारिएको छ ।

दक्षिण कोरियाको बुसान फिल्म फेस्टिभलको न्यू करेन्ट सेक्सनमा छानिने पहिलो नेपाली चलचित्र बनेको 'ऐना झ्यालको पुतली' ले ढाका इन्टरनेसनल फिल्म फेस्टिभलमा उत्कृष्ट निर्देशकको अवार्ड जितेको थियो । चेक रिपब्लिकको जलिन फिल्म फेस्टिभल र अष्ट्रेलियाको एसिया प्यासिफिक स्क्रिन अवार्डजस्ता विश्वका प्रतिष्ठित फिल्म फेस्टिभलमा छनोट भइसकेको चलचित्रले भारतको प्रतिष्ठित कौतिक अन्तर्राष्ट्रिय फिल्म फेस्टिभलमा सर्वोत्कृष्ट चलचित्रसँगै सम्पादन, अभिनेता र अभिनेत्री विधामा अवार्ड जितेको थियो । यो चलचित्र ९५ औं एकेडेमी अवार्ड (अस्कर अवार्ड) का लागि नेपालबाट सिफारिस भएको थियो ।

## बुलबुल

नेपाली कथानक चलचित्र 'बुलबुल' नेपाल अन्तर्राष्ट्रिय चलचित्र महोत्सव' (निफ)मा बेस्ट राष्ट्रिय फिल्म' अवार्ड हात पारेको चलचित्र हो । पाँच विधामा अवार्ड पाएको चलचित्रको बेस्ट डाइरेक्टर : बेस्ट स्क्रिन राइटर विनोद पौडेल, बेस्ट लिडिङ एक्टर स्वस्तिमा खड्का र बेस्ट को–एक्टर लक्ष्मी बर्देवा घोषित भएका थिए । 'बुलबुल' लाई ओस्कार अवार्डका लागि नेपालबाट सिफारिस गरिएको थियो ।

चलचित्र'बुलबुल' ले टेम्पो चालक महिलाको दैनिकीलाई पर्दामा प्रस्तुत गरेको छ । चलचित्रमा स्वस्तिमा खड्काले टेम्पो चालकको भूमिका निर्वाह गरेकी छिन् । चलचित्रमा नायिका खड्का, मुकुन भुषाल, वुद्दि तामाङ, उज्ज्ल अधिकारी, दीपक क्षेत्री, जोयस पाण्डे, एलिना कार्की लगायतको मुख्य भूमिका रहेको छ । सुसन प्रजापतिको छायांकन रहेको चलचित्रलाई विनोद पौडेलले लेखेका हुन् ।

चलचित्र पुरूषोत्तम पाण्डे, अविरल थापा, भिम थापा र राजु पौडेलले मिलेर बनाएका हुन् । रामराजा दाहाल चलचित्रका कार्यकारी निर्माता हुन् । चलचित्रका निर्देशक विनोद पौडेल हुन् ।

## आमा खाण्डो

आमा खाण्डो मुस्ताङी भाषाको पहिलो नेपाली चलचित्र हो । फिल्ममा एकल आमाले सन्तानको भविष्यका लागि गरेको संघर्ष देखाइएको छा मुस्ताङबाट जाडो छल्न शहरतर्फ हिंडेकी एक आमाको संघर्ष कथा फिल्मको मुख्य विषयवस्तु हो । उनी आफ्नो छोरालाई सहरमा राम्रो हेरचाह गर्ने व्यक्तिको जिम्मा लगाउन चाहन्छिन् । आमा खाण्डोको नेपाली अर्थ परी आमा हो ।

ढोन्डुप छिरिङको लेखन र निर्देशनमा बनेको फिल्मको अधिकांश दृश्य उपल्लो र तल्लो मुस्ताङमा खिचिएको छ । फिल्ममा पेमा डोल्कर, कर्णवीर बलिया, कार्चुङ, न्यिमा डोल्मा, छिरिङ ढोन्डुप, लाक्पा वाङदी, सम्तु गुरूङ भुम्चुङलगायतले अभिनय गरेका छन् । यसको वर्ल्ड प्रिमियर २४ औं बुसान (दक्षिण कोरिया) अन्तर्राष्ट्रिय फिल्म फेस्टिवलमार्फत भएको थियो । आमा खाण्डोले राष्ट्रिय फिचर फिल्मको अवार्ड जितेको थियो ।

## डेसान

नेपाली चलचित्र 'डेसान' मा नम्रता सापकोटा, भोलाराज सापकोटा, निशान चौहान लगायतका कलाकारको अभिनय रहेको छ । चलचित्रमा नारी संवेदना, पारिवारिक प्रेम, धोका, बिखण्ड र असमझदारीको कथा प्रस्तुत गरिएको छ । चलचित्र कोरोना महामारीको समयमा सुटिङ गरिएको थियो । चलचित्रमा गाउँ समाजमा भएका घटनाहरूलाई समावेश गरिएको छ ।

पर्फमिङ आर्ट कृएसनको ब्यानरमा कृशाला मगर कार्यकारी निर्माता रहेको फिल्मको कथा राजु काउचाले लेखेका हुन् भने पटकथा र सम्वाद निर्देशक मगरकै हो । चक्रबहादुर महर्जनले खिचेको फिल्ममा हरि लम्सालको संगीत, राजु थापाको शब्द तथा प्रताप दास र प्रबिशा अधिकारीको स्वर तथा अजय स्याङतेनको कोरियोग्राफी छ ।

## प्रकाश

नेपाली कथानक चलचित्र प्रकाश नेपाली समाजको यथार्थता बोकेको चलचित्र हो । चलचित्रमा जुम्लाको गरिब परिवारको विपन्नतामा हुर्केका एक सदस्य प्रकाशको शिक्षक बन्ने सपना र त्यससँग उनको सपना पूरा गर्न जोडिएका विभिन्न घटनाक्रमलाई प्रस्तुत गर्न खोजिएको छ । आफ्नो सपना पूरा गर्न गर्नुपर्ने विविध सङ्घर्षको कथालाई चलचित्रले देखाउन खोजेको छ ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,ब्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (ब्यानर/साइनबोर्ड)
होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको ब्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
कार्यालय: थाहा-४ सम्पर्क नं. ९८०७५३३००
जि.प्र.का. मकवानपुर दर्ता नं. ५५/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# बज्रवाराही मन्दिरमा 'एकघर, एक सिढि' अवधारणाका छ'-वडाध्यक्ष श्रेष्ठ

◆ विकास संवाददाता

मकवानपुरको थाहा नगरपालिका वडा नम्बर ६ को वज्रवाराही मन्दिरको संरक्षण र प्रवर्धन जनस्तरबाट गरिने भएको छ । वज्रवाराही मन्दिर जाने सिँढी मर्मतसँगै मन्दिर परिसरको जीर्णोद्धार पछि नयाँ मूर्ति प्रतिस्थापनसँगै मन्दिर सम्म पुग्ने सिँढी जनस्तरबाट निर्माण गर्न लागिएको हो ।

वज्रवाराही मन्दिर जाने सिँढी मर्मत र मन्दिरपरिसरको जीर्णोद्धार कार्य थाहा नगरपालिका-६ को कार्यालयको बजेट तथा नेवाः पुचः, वज्रवाराही र स्थानीय समाजसेवी नारायणबहादुर जोशीको सहयोगसहित करिब ४० लाख रूपियाँको लागतमा गरिएको थियोरू। पहिले नमिलेको वज्रवाराही मन्दिर जाने सिँढी इन्जिनियरसमेत ल्याएर मर्मत गर्न समाजसेवी नारायणबहादुर जोशीले मात्र झन्डै ३० लाख रूपियाँ खर्चेको थाहा नगरपालिका-६ का वडाध्यक्ष राजेन्द्रभक्त श्रेष्ठले जानकारी दिए ।

वडाध्यक्ष श्रेष्ठले मन्दिर क्षेत्रलाई धार्मिक महत्वको पर्यटकीय गन्तव्य स्थल बनाउने गरी विस्तृत परियोजना प्रस्ताव (डिपिआर) अनुसार नयाँ संरचना बनाउने तयारी थालेको बताएरू। डिपिआर अनुसार हाल मन्दिर रहेको स्थानसँगैको वज्रवाराही मन्दिरको नाममा रहेको



वज्रवाराही वनको टुप्पोमा मूर्ति प्रतिस्थापन र मन्दिरसम्म पुग्ने सिँढी निर्माण गरिने भएको छ । मूर्ति प्रतिस्थापन र मन्दिर सम्म पुग्ने सिँढी निर्माणका लागि करिब डेढ करोड रूपियाँको लागत अनुमान गरिएको छ । हाल मन्दिर फेदीमा रहेको र टुप्पोमा मन्दिर थियो भन्ने विश्वास र आस्थाका साथ पुज्ने गरिन्छ । ८० फिट अग्लो मूर्ति राख्नेसँगै मन्दिरसम्म पुग्न ८०६ वटा सिँढी निर्माण गर्ने तयारी गरिएको छ । "हाल माटोको सिँढी रहेकोमा अब ढलान गरेर लैजाने तयारीमा छौँ," वडाध्यक्ष श्रेष्ठले भने, "जंगलको टुप्पोसम्म पुग्ने सिँढी भने एक घर-एक सिँढीको अवधारणामा बनाउने छौँ ।" उनले एउटा सिँढी बनाउन पाँच/छ हजार रूपियाँ लाग्ने अनुमान गरिएको र निर्माण सामग्री ढुवानी खर्च बढी भएकाले लागत बढी भएको जानकारी दिएरू। वज्रवाराही वनको डाँडाको टुप्पोमा प्रतिस्थापन गरिने मूर्तिका लागि प्रदेश र स्थानीय सरकारलाई साझेदारीका लागि आग्रह गरिने बताउँदै उनले थप संरचना निर्माणपछि त्यस क्षेत्रको गतिविधि बढ्ने बताए ।

स्थानीय प्रमोद जोशीका अनुसार हाल वज्रवाराही वनको फेदीमा रहेको बज्रवाराही मन्दिर पहिले वज्रवाराही वनको टुप्पोमा रहेको र गुडेर आएर अहिलेको अवस्थामा रहेको भन्ने किंवदन्ती पाइन्छ । मन्दिरमा हरेक तीन वर्षमा वैशाख चण्डी पूर्णिमा जात्रा लाग्ने गरेको छ ।

# मण्डुखोलामा ५ सय रैथाने असला माछाको भूरा छोडियो

◆ विकास संवाददाता

जैविक विविधताले युक्त थाहानगरको मण्डुखोलामा रैथाने असला माछाको भुरा छाडिएको छ । थाहा नगर पालिकाको वडा नंम्बर ४ मा रहेको उक्त खोलामा असला माछाको करिब ५०० भुरा छाडिएको करूणाभूमि सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष विनोद लामाले जानकारी दिए ।

विगतमा स्थानीय खोलाहरूमा असला जातको माछा प्रशस्त पाइने भए पनि पछिल्ला वर्षहरूमा संरक्षण गर्नुपर्ने अवस्थामा पुगेको छ । स्थानीय जातको माछा संरक्षण गर्दा जैविक विविधताकै संरक्षण हुने भएकोले खोलामा असला माछाका भुरा छोड्ने अभियान सञ्चालन गरिएको लामाले जानकारी दिए । अहिले मण्डुखोलाबाट शुरू गरि एको यो अभियान अन्य खोलामा पनि सञ्चालन गरी थाहानगरलाई असला माछाको नगरको रूपमा चिनाउन पहल गरिने लामाको भनाइ रहेको छ ।

मण्डुखोला बस्तीदेखि टाढा जंगलको बीचमा रहेकोले प्राकृतिक रूपमा असला माछाको संरक्षण हुनसक्ने देखेर भुरा हालेको लामाले बताए । उक्त खोलामा माछा हुर्केमा पर्यावरण र जैविक



विविधताको संरक्षणको साथै चरा संरक्षणमा पनि सहयोग पुग्ने विश्वास गरिएको छ । खोला आसपासको क्षेत्र स्थानीय चराहरूको उपयुक्त बासस्थान भएकोले माछाका कारण चराको सत्त्यामा वृद्धि हुनेसमेत अपेक्षा गरिएको छ ।

यसअघि करूणाभूमि सामुदायिक उपभोक्ता समूहले सीमभञ्ज्याङस्थित पर्वतीय तालमा पनि असला माछाको भुरा हालेको थियो । तालमा माछा मार्न निषेध गरिएपछि अहिले प्रशस्तै माछा हुर्किरहेका छन् ।

# बाह्र वर्षे नाचमा संलग्नलाई कुन्छालमा सम्मान

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकामा कुन्छाल गाँउमा सञ्चालित १२ वर्षे जात्रामा संलग्नहरूलाई सम्मान गरिएको छ । कला संस्कृतिको संरक्षण र पर्यटन प्रवर्द्धनको उदेश्यले कुन्छालमा १२ वर्षे नाच प्रदर्शन गरिएको थियो ।

ऐतिहासिक टिस्टुङ उपत्यकाको बाराही खटमा आयोजित १२ बर्षे नाच प्रदर्शन कार्यक्रमको अवसर पारी नाचमा संलग्नहरूलाई सम्मान गरिएको हो । उपत्यकाको पुरानो जाती गोपालीहरूको बसोबार रहेको कुन्छाल गाँउको १२ वर्षे देविगण नाच हरेक १२ वर्षको अन्तरमा प्रदर्शन हुने गर्छ । थाहा नगरपालिका १ नम्बर वडाका गोपाली जातीहरूको आफ्नै मौलिक संस्कृति र परम्परा रहेको छ । नाच आयोजक टिमका मुख्य व्यक्तिहरू धामी, कजि, देवी गण, कलाकार, बाजागुरू लगायत सबै सहयोगीहरूलाई



माला र टिका पुजा सहित सम्मान गरि एको हो । उनीहरूलाई हलि नेवा गुठीका राष्ट्रिय अध्यक्ष विनोद महर्जन, पर्यटन तथा संस्कृति मन्त्रालयका पुर्व मन्त्री दिलिप महर्जन, टिस्टुङ बज्रवाराही नेवा पुचः का अध्यक्ष हरिगोपाल श्रेष्ठ, नारायण महर्जन, बैकुण्ठ श्रेष्ठ लगायतले सम्मान गरेका हुन् ।

कार्यक्रममा प्रमुख अतिथि पुर्व पर्यटनमन्त्री दिलिप महर्जन रहेका थिए । कार्यक्रममा हलि नेवा गुठी टिस्टुङ शाखाका अध्यक्ष नरहरी गोपाली, विष्णु गोपाली, राजभाइ श्रेष्ठ, भरत गोपाली, हलि नेवा गुठी रविभवन शाखाका अध्यक्ष विमला महर्जन, कमला महर्जन, गुरूहरू श्रीराम महर्जन, बाबुलाल श्रेष्ठ, महेश्वर महर्जन, सुनिल महर्जन, कृष्ण बहादुर महर्जन लगायतको उपस्थिति रहेको थियो ।

# थाहानगरमा नेपाल संवत ११४४ को अवसरमा शुभकामना कार्यक्रम

◆ विकास संवाददाता

मकवानपुर थाहानगरमा नेपाल संवत ११४४ प्रारम्भ भएको अवसरमा शुभकामना आदानप्रदान कार्यक्रम भएको छ । थाहा नगरपालिकाको वडा ३ गोपाली गाउँ र ६ नम्बर वडाको कुन्छालमा शुभकामना आदानप्रदान कार्यक्रम भएको हो ।

गोपाली गाउामा भएको कार्यक्रममा थाहा नगरपालिकाका उपप्रमुख भरत गोपालीले नेपाल सम्वतको महत्व झनै बढेर गएको बताएका छन् । धार्मिक तथा साँस्कृतिक रूपले धनी नेपालमा नेपाल संवत मौलिक संवत भएकोले यसको प्रयोग र महत्व रहेको धारणा राखे । २८ कात्तिकमा नेपाल सम्वत ११४४ नयाँ वर्ष शुभारम्भको अवसरमा पालुङबाट निकालिएको र्‍यालीपछि गोपाली गाउँमा आयोजित शुभकामना आदानप्रदान कार्यक्रममा उपप्रमुख भरत गोपालीले भने- 'जनताको ऋण तिरेर दासत्वबाट मुक्ति दिलाउँदै राष्ट्रिय विभूति शंखधर साख्वाःले शुरू गर्नुभएको यस सम्बतलाई राष्ट्रिय सम्बत मात्र होइन अन्तराष्ट्रिय सम्बतको मान्यता पाउने विश्वास छ ।' उपप्रमुख गोपालीले नयाँ वर्षको शुरूवात भएसँगै देशमा शान्ति, उन्नति प्रगति कायम हुने चाहना व्यक्त गरे। नेपाल संवतको अवसरमा उपप्रमुख भरत गोपालीले सदाझै पालुङको लाम्पाटी अगाडि राष्ट्रिय झण्डाको झण्डोतलन गरी सुरूवात गरेका थिए ।

कार्यक्रममा सहभागी जातीय भेषभुषामा सजिएका नेवार समुदाय र गैर नेवार समुदायका मासिनहरूबीच भेटघाट, शुभकामना आदान-प्रदान र नेवारी परिकारका खानेकुरा खुवाइएको पालुङ भिन्तुना समितीका संयोजक बिजय बिक्रम श्रेष्ठले बताए । भिन्तुना आयोजक समिती गोपाली गाउँका अध्यक्ष विकेश गोपालीको अध्यक्षतामा सम्पन्न शुभकामना आदानप्रदान कार्यक्रममा प्रमुख अतिथी थाहानगर उपप्रमुख भरत गोपाली सहित पालुङ भिन्तुना संयोजक बिजय बिक्रम श्रेष्ठ, ल्याम्ह पुचः ओखरबजार अध्यक्ष सुविन्द्रमान प्रधान गोजिरियो कराते प्रशिक्षक मानसिंह दोङ, ओखरबजार हितकारी समूह अध्यक्ष संजय प्रधान गोपाली गाउँका काजी जगत बहादुर गोपाली, बुद्ध गोपाली, खिँ गुरू सुरज गोपाली, ओखरबजारका खिँ गुरू धर्मलाल प्रधान लगाएतका उपस्तिथि रहेको थियो । नेपाल सम्बत ११४४ को अवसर मा बज्रबाराहीमा पनि शुभकामना र्‍याली निकाली शुभकामना आदानप्रदान कार्यक्रम गरिएको थियो ।



# हेटौंडामा जफत सामग्री नष्ट

◆ विकास संवाददाता

बजारमा किनमेलका लागि आउँने मानिस हिड्नका लागि प्रयोग हुने फुटपाथमा बिक्रीका लागि राखेको सामग्री हेटौंडा उपमहानगरपालिकाका नगर प्रहरीले नष्ट गरेको छ । चाडवाडको सयम छोपेर फुटपाथमा बिक्रीका लागि राखेको मिठाई, फलफुल र तरकारी सहितका सामग्री जफत गर्दै प्रहरीले शुक्रबार नष्ट गरेको हो ।

हेटौंडा १० राप्ति खोला नजिकै खाडल खनेर प्रहरीले जफत गरेको सामग्रीहरू नष्ट गरेको हेटौंडा उपमहानगरपालिका कार्यालयले जनाएको छ । नगर प्रहरीले असोर र कार्तिक महिनामा फुटपाथबाट पिठोबाट बनेको खुल्ला मिठाई ८५ किलोग्राम र तरकारीहरू २२ किलो ५ सय ग्राम जफत सामग्री नष्ट गरेको बताइएको छ । मुख्यगरी हेटौंडा बजार क्षेत्रको बुद्धचौक, खोपेगल्ली, राप्तीरोड र तिहार बजारका लागि दिईएको हेटौंडा अस्पताल अगाडि अव्यवस्थित ढंगबाट बिक्रीका लागि राखिएका सामग्री जफत गरीएको नगर प्रहरी इन्चार्ज नेत्रप्रसाद ढकालले बताए ।

उपमहानगरले पटक/पटक सार्वजनिक सुचना गर्दै फुटपाथमा सामग्रीहरू राखेर बिक्री नगर्न व्यवसायीहरूलाई जानकारी गराए पनि कार्यान्वयन नभएपछि सामग्री जफत गर्न थालेको बताइएको छ ।

# मनहरीको ९ नम्बर वडाले पायो आफ्नै भवन

◆ विकास संवाददाता

मकवानपुरको पश्चिमी क्षेत्रस्थित मनहरी गाउँपालिकाको ९ नम्बर वडा कार्यालयले अब आफ्नै भवनबाट सेवा प्रबाह गरेको छ । नवनिर्मित कार्यालय भवनको उद्घाटन गरिएसँगै आफ्नै भवनबाट सेवा सुरू गरेको हो ।

नेपाली कांग्रेस बागमती प्रदेश सभापति एवम् प्रदेशसभा सदस्य इन्द्रबहादुर बानियाँले नवनिर्मित वडा कार्यालयको भवन उद्घाटन गरेका हुन् । रत्नकुमारी एण्ड सन्स हेटौंडाले ७९ लाख ११ हजार ८ सय ३६ रूपैयाँ ६८ पैसामा साढे २ तले भवन निर्माण कार्य सम्पन्न गर`को हो । स्थानीय दुवमाया कालाखेतीले आफ्नो स्वर्गीय श्रीमानको स्मृतिमा उपलब्ध गराएको एक कठ्ठा १२ धुर जग्गामा वडा कार्यालय भवन निर्माण भएको वडाअध्यक्ष राजकुमार श्रेष्ठले जानकारी दिए । भवन निर्माणका लागि २०७६ माघ १ गते बोलपत्र आव्हान भएको थियो ।

एक करोड ३३ लाख ९० हजार रूपैयाँको स्टमेट गरिएकोमा ८८ लाख ८५ हजार ६६ रूपैयाँ ८० पैसामा ठेक्का लागेको थियो । नवनिर्मित भवनको ६ वटा अफिस कोठासहित एउटा हल, गेष्ट रूम, किचन र शौचालय रहेको छ । वडाअध्यक्ष श्रेष्ठले नयाँ भवनबाट थप गुणस्तरीय सेवा प्रदान गर्न सहज हुने विश्वास व्यक्त गरे । कार्यक्रमका प्रमुख अतिथि प्रदेशसभा सदस्य बानियाँले व्यवस्थालाई कमजोर बनाउनेहरू सक्रिय हुन थालेको भन्दै अब जनताको अवस्था परिवर्तन हुन नदिनेहरू चिन्न जरूरी रहेको धारणा राखे । जनप्रतिनिधिलाई उनले सेवामुखी काम गर्न सुझाव दिए ।

मनहरी गाउँपालिका अध्यक्ष रन्जन कालाखेतीले अब मनहरी गाउँपालिकाको एउटा मात्रै वडाको भवन निर्माण हुन बाँकी र हेको जानकारी दिँदै मनहरी-४ को पनि तिहारपछि ठेक्का लाग्ने बताए । उनले जनप्रतिनिधिलाई सेवा प्रवाहमा ध्यान दिन अनुरोध गर्दै आवश्यक सहयोगका लागि गाउँपालिका तयार रहेको बताए ।

## भूकम्पको जोखिमबाट सुरक्षित बनौं !

- भूकम्प जाँदा कमजोर संरचनाका कारण बढी जनधनको क्षति हुने गर्दछ ।
- घर तथा अन्य संरचना निर्माण गर्दा भूकम्प प्रतिरोधी तथा बलियो बनाऔ ।
- प्राविधिकको सल्लाह लिएर मात्र सुरक्षित घर बनाऔं र पुरानो भए मर्मत सम्भार गरौं ।
- भूकम्पबाट सुरक्षित रहन आवश्यक पूर्वतयारी गरौं ।
- भूकम्प जाँदा आत्तिएर जथाभावी दौडने र भाग्ने नगरौं ।
- धैर्यतापूर्वक घर/भवन बाहिर खुला तथा सुरक्षित स्थानमा
- भूकम्पमा अप्ठ्यारो परेकालाई सहयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## बालविवाह नगरौं

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुबैको उमेर २० वर्ष पुरा भएको हुनुपर्ने व्यवस्था गरेको छ । त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु / गराउनु अपराध हो । बाल विवाह गर्ने गराउने र सहभागी हुने सबैलाई कानूनले कारबाहीको दायरामा ल्याएको छ ।

*बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।*

मुलुकी अपराध संहिता २०७४ अनुसार

विवाह गर्ने व्यक्तिको उमेर वर्ष २० नपुगी कसैले विवाह गर्न वा गराउन हुदैन (दफा १७३) । यसो गरेमा ३ वर्षकैद र ३० हजार रूपियाँसम्म जरिवाना हुनेछ ।

*विवाह गर्न पुरा हुनु पर्ने उमेर पुरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन ।*

- *त्यसैले बालबालिकालाई शिक्षा प्रदान गरौं । भोलीको भविष्य सुन्दर बनाउन योगदान गरौं ।*
- *सबै जिम्मेवार बनौं , बालमैत्री व्यवहार अबलम्बन गरौं, बालमैत्री स्थानीय शासन लागु गर्नको लागि अनिवार्य सर्तहरू पुरा गर्न आफ्नो स्थानबाट लागिपरौं ।*

११ नम्बर वडा कार्यालय
हेटौंडा उपमहानगरपालिका ।
मकवानपुर ।

## कृषकहरुका लागि जनहितमा जारी सन्देश




- कृषि तथा पशु बिमा गरौं, व्यवसायमा हुने जोखिमबाट बचौं ।
- कृषिमा विषादी न्यूनीकरण गर्न आइपीएम प्रणाली अपनाऔं ।
- बेलाबेलामा खेतबारीको माटो परिक्षण गराई खेतिपाती गरौं ।
- घाँसमा आधारित पशुपालन गरौं, उत्पादन लागत घटाऔं ।
- जैविक र प्राङ्गारिक खेतीमा जोड दिऔं, उत्पादन बढाऔं ।
- घरपालुवा कुकुर र बिरालोलाई नियमित खोप लगाऔं, रेबिजबाट बचौं ।
- पशुलाई ६/६ महिनामा जुकाविरुद्ध औषधि खुवाऔं, पशुजन्य उत्पादन बढाऔं ।
- पशुलाई कुनै रोग लागेमा उपचारका लागि नजिकैको पशुसेवा केन्द्रमा सम्पर्क गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

## राष्ट्रिय खोप-तालिका

| पटक/भेट | कुन उमेरमा | कुन खोप |
|---|---|---|
| १ | जन्मने बित्तिकै | बि. सि. जी. |
| २ | ६ हप्तामा | रोटा, पोलियो, पि. सि. भी., डि.पि.टी.-हेप बी-हिब |
| ३ | १० हप्तामा | रोटा, पोलियो, पि. सि. भी., डि.पि.टी.-हेप बी-हिब |
| ४ | १४ हप्तामा | पोलियो, एफ.आई.पि.भी., डि.पि.टी.-हेप बी-हिब |
| ५ | ९ महिनामा | एफ.आई.पि.भी., पि.सि.भी., दादुरा-रुबेला |
| ६ | १२ महिनामा | जापानिज इन्सेफलाइटिस |
| ७ | १५ महिनामा | दादुरा-रुबेला, टाइफाइड |

खोप लगाएता पनि सधै सरसफाईका सबै व्यवहारहरुको पालना गरौं ।

खोप नि:शुल्क पाइन्छ | खोप सुरक्षित छ | खोपले जीवन रक्षा गर्छ

थाहा नगरपालिका

● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेलः bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी